मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : १०२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन १५ गते शुक्रबार (Friday, 27 February, 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## डलर साट्ने भन्दै कागजका बिटा देखाएर ठगी

काठमाडौं, फागुन १४। डलर साटिदिने भनी प्रलोभन देखाइ डलर देखाउने र डलरकै आकारमा काटिएको कागजको बिटा दिइ ठगी गर्ने एक व्यक्ति पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सिन्धुपाल्चोक जिल्ला बाह्रबिसे नगरपालिका ६ घर भएका वर्ष ५१ को देवबहादुर तामाङ रहेका जिल्ला पहरी परिसर काठमाडौँले जनाएको छ । बुधबार नागार्जुन नगरपालिका ७ रत्नराज्य स्कुल नजिकै पछाडिको जङ्गलमा डलर साटी दिन्छु भनि पटक पटक फोन गरी बोलाई रहेको भन्ने सूचनाको आधारमा प्रहरी

(बाँकी अन्तिम पृष्ठमा)

## झापामा तीन मतदान केन्द्रको नेतृत्व महिलालाई

**झापा, फागुन १४।** आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि झापा क्षेत्र नम्बर ३ को तीन मतदान केन्द्रको नेतृत्व महिलाले पाएका छन् ।

भद्रपुर नगरपालिका-८स्थित मेची रङ्गशालामा रहेको मतदानस्थलका तीन मतदान केन्द्रको नेतृत्व महिलालाई सुम्पिएको मुख्य निर्वाचन कार्यालयका सहायक निर्वाचन अधिकारी डिल्लीप्रसाद प्रसाईले जानकारी दिए । उनले रङ्गशालामा तीन मतदान केन्द्र रहेका बताउँदै भने- यहाँको मतदान अधिकृतदेखि कर्मचारी, प्रहरीसमेत महिलालाई तोकिएको छ । उनका अनुसार मतदानस्थलको 'क' केन्द्रको बुथमा मतदान अधिकृतको रुपमा घरेलु तथा साना उद्योग कार्यालय भद्रपुरकी प्रमुख पुष्पलता उप्रेती रहेकी छिन् भने सहायक मतदान अधिकृतमा प्रतीक्षा घिमिरे छिन् ।

'ख' केन्द्रको बुथमा मतदान अधिकृतको रुपमा विशेष नापी कार्यालय दमककी सृजना पन्त रहेकी छन् भने सहायक मतदान अधिकृतमा जुनु पोखरेल रहेकी छिन् । 'ग' केन्द्रको बुथमा भद्रपुर नगरपालिकाकी गोमा दाहाल छिन् भने सहायकमा प्रतिमा राई रहेको उनले जानकारी दिए ।

जिल्ला निर्वाचन कार्यालयका पाँच वटै निर्वाचन क्षेत्रका मतदान अधिकृतहरुलाई धमाधम निर्वाचन सम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरिरहेको कार्यालय प्रमुख तुलसी नेपालले बताए । झापामा सात लाख १३ हजार

(बाँकी अन्तिम पृष्ठमा)

# झापा ५: अन्तर्राष्ट्रिय चासोको केन्द्र

**झापा, फागुन १४।** पूर्व प्रधानमन्त्री एवम् एमाले अध्यक्ष केपी शर्मा ओली र काठमाडौंका पूर्व मेयर एवम् राष्ट्रिय स्वतन्त्र पार्टीले भावी प्रधानमन्त्रीको रुपमा अघि सारेका बालेन्द्र शाह एउटै निर्वाचन क्षेत्रमा आमनेसामने भएपछि झापा ५ राष्ट्रिय मात्रै होइन अन्तर्राष्ट्रिय चासोको केन्द्र बनेको छ ।

'भावी प्रधानमन्त्री' का उम्मेदवारबीचको प्रतिस्पर्धालाई नेपाली नागरिक मात्रै नभएर विदेशीले पनि चासोका साथ हेरिरहेका छन् । एमाले अध्यक्ष ओली आफ्नो परम्परागत क्षेत्रबाट पुनः जनादेश खोजिरहेका छन् भने बालेन्द्र शाहलाई राष्ट्रिय स्वतन्त्र पार्टीले 'परिवर्तनको प्रतीक' का रूपमा अघि सारेको छ । यसैले यो चुनाव परम्परागत शक्ति र नयाँ राजनीतिक लहरबीचको प्रतिस्पर्धा हुने विश्लेषण गरिएको छ ।

झापा-५मा कूल १ लाख ६३ हजार ३ सय ७९ मतदाता छन् । स्थानीय तह निर्वाचन-२०७९को वडाध्यक्ष मत परिणाम हेर्दा एमाले एक्लै करिब ४१ हजार मतसहित अग्रस्थानमा देखिन्छ । नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी माओवादी र एकीकृत समाजवादी गठबन्धनको संयुक्त मत करिब ३४ हजार रहेको देखिन्छ । झापा-५को चुनावी परिणाममा सबैभन्दा ठूलो भूमिका राष्ट्रिय



प्रजातन्त्र पार्टी र दमक नगरपालिकाका मेयर राम थापाको निर्णयले खेल्ने अनुमान पनि गरिंदैछ ।

यसैगरी झापा क्षेत्र नम्बर २लाई पनि स्थापित नेतादेखि नयाँ विकल्पसम्मको प्रतिस्पर्धाले रोचक बनाइरहेको छ । झापा-२मा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीबीच कडा टक्कर हुने देखिएको छ । यहाँ मुख्य प्रतिस्पर्धीका रुपमा एमालेबाट पूर्व सभामुख देवराज घिमिरे, राष्ट्रिय स्वतन्त्र पार्टीबाट पूर्वउपसभामुख इन्दिरा राना मगर, राप्रपाबाट अघिल्लो निर्वाचनका उपबिजेता स्वागत नेपाल, नेपाली कांग्रेसबाट पूर्व मन्त्री सरिता प्रसाईं, नेपाली कम्युनिष्ट पार्टीबाट पूर्व मन्त्री धर्मशीला चापागाँईसहित १८ जना उम्मेदवार प्रतिष्पर्धामा छन् ।

यो क्षेत्रमा पूर्वसभामुख र उपसभामुखसहित मुख्य तीन प्रभावशाली महिला उम्मेदवारको प्रतिस्पर्धाले पनि चुनावलाई अझ रोचक बनाएको छ । यहाँ संगठनका हिसाबले कांग्रेस बलियो मानिए पनि मतदातामा देखिएको 'परिवर्तनको लहरले मतदान कता हुन्छ भन्न सकिने अवस्था छैन । एक लाख ४७ हजार ५ सय २२ मतदाता रहेको यो निर्वाचन क्षेत्रमा १८देखि ४० वर्ष उमेर समूहका मतदाताको संख्या ४० प्रतिशत छ । जुन निर्णायक मत बन्न सक्छ ।

नेपाली कांग्रेसका पूर्वमहामन्त्री कष्णप्रसाद सिटौलाको निर्वाचन क्षेत्रका रुपमा चिनिएको झापा क्षेत्र नम्बर ३मा पनि यसपटक कम रोचक भीडन्त छैन । कांग्रेस नेता सिटौलालाई हराएर राष्ट्रिय राजनीतिमा छाएका राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन तेस्रो जित अर्थात् 'ह्याट्रिक' को लक्ष्यसहित मैदानमा छन् ।

तर, यसपटक अघिल्ला निर्वाचनहरुमा जस्तो गठबन्धन नभएको र परम्परागत शक्तिहरुसंग भीड्न नयाँ शक्ति र अनुहारहरु आएका छन् । यो क्षेत्रमा एमालेबाट हरिबहादुर राजवंशी मैदानमा छन् भने कांग्रेसले राजेन्द्र घिमिरेलाई मैदानमा उतारेको छ ।

यस्तै परिवर्तनको नारा बोकेको राष्ट्रिय स्वतन्त्र पार्टीबाट सो पार्टीका जिल्ला सभापति प्रकाश पाठक चुनावी प्रतिस्पर्धामा छन् । झापा-३मा भद्रपुर नगरपालिका, कचनकवल, हल्दिबारी र बाह्रदशी गाउँपालिका तथा बिर्तामोड नगरपालिकाको १० नम्बर वडा समेटिएका

(बाँकी अन्तिम पृष्ठमा)

# झापामा निर्वाचन सुरक्षा कडा

- झापा समन्वयका लागि एसएसपी अधिकारी खटाइए
- झापा-५मा नेपाली सेना, प्रहरी र सशस्त्रको संयुक्त गस्ती



**झापा, फागुन १४।** आगामी प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै सुरक्षा संवेदनशील मानिएको झापा जिल्लामा सुरक्षा व्यवस्थापन थप सुदृढ बनाइएको छ ।

निर्वाचनको 'इपीसेन्टर'का रूपमा हेरिएको जिल्लामा प्रहरी प्रधान कार्यालयले अन्य जिल्लाको तुलनामा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरेको हो । सुरक्षा अवस्थाको विश्लेषणका आधारमा झापामा प्रहरी नायब उपरीक्षक (डीएसपी) र प्रहरी निरीक्षक ( इन्स्पेक्टर)सहित थप जनशक्ति खटाएको जनाइएको छ । निर्वाचन अवधिमा सुरक्षा समन्वय प्रभावकारी बनाउन बुधबारदेखि वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) पनि परिचालन गरिएको छ ।

कोशी प्रदेश प्रहरी कार्यालयका प्रहरी नायव महानिरीक्षक (डीआईजी) बिनोद घिमिरेका अनुसार झापा र इलाम जिल्लाको सुरक्षा समन्वय गर्ने जिम्मेवारीसहित एसएसपी गोविन्द अधिकारीलाई खटाइएको हो । उनी कोशी प्रदेश तालिम केन्द्र, बिराटनगरमा कार्यरत थिए । केपी शर्मा ओली र बालेन शाह एउटै निर्वाचन क्षेत्रमा प्रतिस्पर्धामा रहेकाले झापालाई सुरक्षा निकायले उच्च संवेदनशील जिल्लाका रूपमा वर्गीकरण गरी सुरक्षा सतर्कता बढाएको जनाइएको छ ।

जिल्लाको नियमित सुरक्षा कमाण्ड भने प्रहरी उपरीक्षक बसुन्धरा खड्का ले सम्हालिरहेकी छन् । प्रत्येक निर्वाचन क्षेत्रमा डीएसपीको नेतृत्वमा प्रहरी परिचालन गरिएको छ ।

यसैबीच, मोरङ र सुनसरी जिल्लाको सुरक्षा समन्वयका लागि ज्ञानेन्द्र फुँयाल तथा उदयपुर र खोटाङका लागि योगेन्द्रसिंह थापालाई खटाइएको प्रहरीले जनाएको छ । निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र सुरक्षित बनाउने उद्देश्यले सुरक्षा निकायले बहुस्तरीय समन्वयलाई प्राथमिकता दिएको छ ।

यसैबीच आगामी फागुन २१ गते हुने निर्वाचनलाई लक्षित गर्दै झापा निर्वाचन क्षेत्र नम्बर-५ मा संयुक्त सुरक्षा गस्ती शुरु गरिएको छ ।

आपराधिक गतिविधि नियन्त्रण, सम्भावित सुरक्षा चुनौति न्यूनीकरण तथा निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउने उद्देश्यले एकीकृत सुरक्षा योजना अनुसार नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त गस्ती सञ्चालनमा ल्याइएको हो ।

जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक खगेन्द्रबहादुर खड्काका अनुसार कुनै अप्रिय घटना हुन नदिन, निर्वाचन सुरक्षामा कुनै असर नपरोस् भन्ने उद्देश्यले आवश्यकता अनुसार सुरक्षा जनशक्ति परिचालन गरी विभिन्न संवेदनशील क्षेत्रहरूमा नियमित गस्ती भइरहेको छ । निर्वाचन नजिकिँदै जाँदा सुरक्षा सतर्कता थप कडा पारिएको प्रहरीले जनाएको छ ।

## निर्वाचन बहिष्कार भन्दै हिंड्ने नेकपा (बहुमत) का नेता पक्राउ

**झापा, फागुन १४।** झापामा नेपाल कम्युनिष्ट पार्टी (बहुमत) का दुईजना नेता तथा कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी खगेन्द्रबहादुर खड्काका अनुसार पक्राउ पर्नेमा पार्टीका केन्द्रीय सचिवालय सदस्य तथा १ नम्बर ब्युरो इञ्चार्ज धमिल र झापा जिल्ला कमिटी सदस्य हेम अर्याल रहेका छन् । उनीहरूलाई बुद्धशान्ति गाउँपालिकाबाट नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । पक्राउ परेका दुवैमाथि आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

यसैबीच, पार्टीका कार्यालय सचिव अविरलले प्रेस विज्ञप्ति जारी गर्दै संगठनात्मक कामका क्रममा रहेका नेतामाथि न्यूनतम् लोकतान्त्रिक अधिकार समेत उल्लंघन हुने गरी गैरन्यायिक रूपमा पक्राउ गरिएको आरोप लगाएका छन् । विज्ञप्तिमार्फत उनीहरुलाई तत्काल रिहाइको माग समेत गरिएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (बहुमत)ले पछिल्लो समय निर्वाचन बहिष्कार सम्बन्धी गतिविधि सञ्चालन गर्दै आएको छ । प्रहरीले भने पक्राउ अनुसन्धानको प्रक्रिया अन्तर्गत गरिएको जनाएको छ ।







# प्रश्न अझै आउँछ– मतदाता सूचीमा नाम कसरी हेर्ने ?



**काठमाडौँ, फागुन १४।** मतदाता सूचीमा नाम कहाँ र कसरी हेर्ने होला ?- निर्वाचन आयोगको कार्यालय, कान्तिपथको मूल ढोकाबाट सुरक्षा जाँच गरेर भित्र छिरेपछि क्यान्टिनमा चिया खाइरहेका कर्मचारीलाई एक मतदाताले सोधे ।

अन्दाजी ५० वर्षीय ती पुरूषले आफ्नो परिचय नदिइ जिज्ञासा राखेपछि त्यहाँका कर्मचारीहरुले 'आफ्नै मोबाइलमा हेर्न सकिन्छ नि' भन्ने जवाफ दिए । ती मतदाताले मोबाइलमा हेर्न अप्ठ्यारो भएको र यहीँ आएर हेर्न चाहेको बताएपछि उनलाई आयोगको सूचना प्रविधि प्रणाली सञ्चालन गर्ने शाखामा पठाइयो ।

मतदाता सूचीमा आफ्नो नाम र मतदान स्थलसहितको ठेगाना आफ्नै आँखाले कम्प्युटरमा देखेपछि उनी ढुक्कले 'अब मत हाल्न पाइने भइयो' भन्दै बहादुर भवन परिसरबाट फर्किए । उनको घर परिवारमा नयाँ पुस्ताका सदस्यहरु नभएकाले पनि सूचना प्रविधिमा मोबाइलबाट अभ्यस्त हुन नसकेका रहेछन् । उनलाई आयोगका कर्मचारीले 'निर्वाचनसम्बन्त्रधी यस्ता विषयमा जिज्ञासा भएमा कार्यालयमा धाइरहनुपर्दैन, पैसा नलाग्ने 'कल सेन्टर' मा सिँधै फोन गरेर पनि जवाफ वा समाधान पाउन सकिन्छ' भनेर सम्झाएका थिए ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगले विगतमा झैँ 'कल सेन्टर' सञ्चालनमा ल्याएको छ । आयोगले पैसा नलाग्ने टोल फ्रि नम्बर ११०२मा कल गरेर पनि मतदाता परिचय-पत्र, मतदाता शिक्षा, निर्वाचन आचारसंहिता र अन्य विषयमा सोधपुछ गर्न सकिने प्रबन्ध गरेको छ । आयोगका कल सेन्टरका संयोजक एवम् उपसचिव सपना भट्टराईका अनुसार उक्त सेन्टरमा कम्प्युटर अधिकृत, नेपाल टेलिकमका दुई प्राविधिकसहित हाल नौ जना कार्यरत छन् । हरेक दिन बिहान ९ बजेदेखि साँझ ६ बजेसम्म यस सेन्टरमा आउने फोनहरु उठाएर समस्याको समाधान र आवश्यक जवाफ दिइने उनले बताइन् ।

उनका अनुसार दैनिक ७०देखि २०० सम्म कल आउने गरेका छन् । धेरै प्रश्नको समाधान त हामीले नै गर्छौं । नसक्ने खालका भएमा सम्बन्धित शाखा वा व्यक्तिकोमा फरवार्ड गर्छौं'- संयोजक भट्टराईले भनिन् । आयोगका सहप्रवक्ता कुलबहादुर जिसीका अनुसार 'कल सेन्टर' मा 'मतदाता परिचयपत्र बनाउन के गर्नुपर्छ ? यस निर्वाचन अगाडि मतदाता नामावलीमा नाम समावेश गराइ मतदानमा सहभागी हुन सकिन्छ कि सकिँदैन ?' भन्ने जिज्ञाशा पनि आउने गर्छ ।

यस्तो जिज्ञासामा नागरिकता समावेश गरी सम्बन्धित निर्वाचन कार्यालयमा मतदाता नामावली नाम दर्ता गराएपछि मतदाता परिचय-पत्र बन्ने गरेको छ । आवेदकको फोटो, औंठा छाप जस्ता जैविक विवरण सङ्कलन गरी मतदाता नामावलीमा नाम दर्ता हुन्छ । निर्वाचन नजिक आइसकेकाले हाललाई मतदाता नामावलीमा नाम दर्ता र अद्यावधिकको कार्य कानूनमा भएको व्यवस्था अनुसार निर्वाचन अवधिभर स्थगित गरिएको छ- भन्ने जवाफ दिने गरिएको छ ।

यस्तै 'आफ्नो स्थायी ठेगानाको जिल्लाभन्दा बाहिरको जिल्लाबाट मतदाता नामावलीमा नाम दर्ता गर्न मिल्छ कि मिल्दैन ?', 'निर्वाचन आचारसंहिता उल्लंघन भएमा के कस्तो सजाय हुने व्यवस्था गरिएको छ ?' निर्वाचनपछि नामावली दर्ता र अध्यावधिकको कार्य खुल्ला हुन्छ भने निर्वाचन आचारसंहिता उल्लंघन भएमा कारबाहीका व्यवस्था निर्वाचन आचारसंहिता, २०८२मा गरिएको छ ।

आचारसंहिताको दफा ४८ मा बमोजिम आचारसंहिता उल्लंघन भएमा रु. एक लाखसम्म जरिवाना हुने, उम्मेदवारी रद्द गर्न सकिने, आचारसंहिता विपरीत कुनै प्रकारले आर्थिक सहयोग लिएमा त्यस्तो सहयोग लिने राजनीतिक दल वा उम्मेदवारलाई त्यसरी गरेको आम्दानी वा खर्च बराबरको रकम जरिवाना गर्ने र त्यसरी भएको जरिवाना छ महिनासम्म नबुझाउने उम्मेदवारलाई आयोगले तत्काल लागू हुने गरी बढीमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्ने भनिएको छ ।

प्रचलित कानून बमोजिम निर्वाचन कसुर मानिने कार्य भएमा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम कारबाही हुनेछ । 'निर्वाचन आचारसंहिता उल्लंघन भएको पाइएमा कहाँ उजुरी दिने भन्ने प्रश्न पनि आयोगमा आउने गर्छ ।' त्यस्तो पाइएमा उजुरी दिन चाहने व्यक्तिले मौखिक, लिखित, सामाजिक सञ्जाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय, जिल्ला आचारसंहिता अनुगमन समिति, अनुगमन टोली वा अनुगमन अधिकृतसमक्ष तोकिएको ढाँचामा उजुरी दिन सक्ने व्यवस्था गरिएको छ ।

यसरी उजुरी दिँदा आधार, कारण र सोसम्बन्धी कुनै प्रमाण भए सो समेत संलग्न गर्नुपर्ने छ । 'निर्वाचनको दिन विदेशी पर्यटकको आवागमनलाई आयोगले के व्यवस्था गरेको छ ? अन्तर्राष्ट्रिय उडान र स्थल मार्गमा आवागमनमा रोकावट हुन्छ कि हुँदैन ?' भन्ने प्रश्न पनि आयोगको 'कल सेन्टर' ले सुनेको प्रश्न हो ।

यसको जवाफमा निर्वाचनको दिन कुनै पनि राष्ट्रिय वा अन्तर्राष्ट्रिय हवाई उडान नरोकिने र राजमार्गमा चल्नुपर्ने सवारी साधनको आवागमनलाई व्यवस्थित तुल्याउन सवारी साधनको अनुमति सम्बन्धी कार्यविधि-२०८२ निर्माण गरिएको भनिएको छ ।

जिल्ला प्रशासन कार्यालयबाट र काठमाडौँमा निर्वाचन आयोगबाट कम्तीमा दुई दिनअघि अनुमति लिई पर्यटकको आवागमनको लागि सवारीसाधन सञ्चालन गर्न सकिने तथा अत्यावश्यक सेवा, कूटनीतिक नियोग, मानव अधिकार आयोगबाहेक अन्य कुनै प्रकारका सवारीसाधन अनुमित नलिइ प्रयोग गर्न पाईँदैन' दिइने गरिएको छ ।

यसैगरी निर्वाचनमा भाग लिएका उम्मेदवार/दलले स्वच्छता र खर्चको पारदर्शीताका लागि बेग्लै बैंक खाता सञ्चालन गर्नुपर्ने, मतदान केन्द्रमा काम गर्ने कर्मचारीको खटनपटन, मत बदरको अवस्था, मतदान केन्द्रमा काम गर्ने कर्मचारीको खटनपटन, सामाजिक सञ्जालको सामग्रीको व्यवस्थान आदिबारे पनि कल सेन्टरमा जिज्ञाशा आउने गरेको छ । कानुनी व्यवस्थानुसार मत मदर हुने अवस्थाहरु स्पष्ट गरिएका छन् ।

सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको मतपत्रबाट मतदान गरेमा, निर्वाचन आयोगले राखेको मसी र स्वस्तिक चिन्हबाहेक अन्य चिन्ह वा छाप लगाई मत सङ्केत गरेमा वा औंठा छापबाट मत सङ्केत गरेमा, मतपत्रमा सङ्केत चिन्ह नबुझिने गरी लत्पतिएको वा मतपत्र च्यातिएमा, उम्मेदवारको निर्वाचन चिन्ह रहेको कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरेमा, निर्वाचित गर्नुपर्ने सिट सङ्ख्याभन्दा बढी उम्मेदवारलाई मत सङ्केत गरेमा, एकभन्दा बढी निर्वाचन चिन्हमा मत सङ्केत गरेमा, मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको मतपत्र, कुनै पनि उम्मेदवारको निर्वाचन चिन्हमा मत सङ्केत नगरेमा, आयोगद्वावार निर्धारित मतपत्र बाहेक अन्यद्वारा मतदान गरेको पाइएमा, मतपेटिका भन्दा बाहिर राखिएको मतपत्रको मत, जाली मतपत्र वा आयोगले बदर हुने भनी तोकेको मतपत्र पाइएमा मत बदर हुन्छ ।

आयोगले ट्रेड युनियनका पदाधिकारी भन्नाले कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष सम्झनुपर्छ र सो शब्दले कार्य समितिको सदस्यलाई समेत जनाउँछ र ट्रेड युनियन यही ऐनबाट वैधानिक अस्तित्व प्राप्त गरी क्रियाशील हुने हुँदा यही परिभाषा अनुसारको अर्थलाई मनन गर्नुपर्ने हुन्छ भन्ने जवाफ दिने गरेको छ ।

'सामाजिक सञ्जालमा बग्रेल्ती रुपमा आउने नकारात्मक भिडियो सामग्रीहरुको नियन्त्रण गर्न र सोको बारेमा यथार्थपरक जानकारी प्रदान गर्न आयोगले के कस्ता उपाय अपनाएको छ ?' भन्ने जिज्ञासामा आयोगले भनेको छ- सामाजिक सञ्जाल र आमसञ्चारका साधनमा प्रकाशित हानिकारक सामग्रीको निगरानी तथा विश्लेषण गर्न आयोगमा विज्ञ जनशक्तिसहित आयोगमा सूचना सदाचार प्रवर्द्धन गठित इकाईले आमसञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रकाशन प्रशारण हुने विभिन्न सामग्रीको विश्लेषण गरी नियन्त्रणको प्रस्ताव गर्दछ । यही तथ्यगत विश्लेषणको आधारमा आयोगले आवश्यक कानूनी कारबाहीको लागि सम्बन्धित निकायलाई निर्देशन दिइरहेको छ ।

आयोगका सहप्रवक्ता जिसीका अनुसार निर्वाचनको सम्बन्धमा यथार्थपरक जानकारी दिन र सामाजिक सञ्जालमा प्रवाह हुने तथ्यहीन एवं भ्रामक सूचनाबाट मतदातामा भ्रम सिर्जना हुन नदिन आयोगले सामाजिक सञ्जाल र अन्य सञ्चार माध्यमबाट मतदाता शिक्षासँग सम्बन्धित सामग्री निरन्तर प्रकाशन प्रसारण गरिरहेको छ ।

यसका साथै नियमित रुपमा प्रत्येक हप्ता पत्रकार सम्मेलन आयोजना गर्ने, समय समयमा विज्ञप्ति जारी गर्ने, आयोगका पदाधिकारी तथा कर्मचारीका अन्तर्वार्ता र मन्तव्य प्रकाशन प्रसारण गर्ने जस्ता कार्यबाट सामयिक सवालमा स्पष्टता कायम गर्ने कार्य गरिँदै आएको छ । नियमित गतिविधि तथा जानकारीका लागि नियमित ई-बुलेटिन पनि सम्प्रेषण गर्दै आएको छ ।

## झापामा निर्वाचन रिपोर्टिङ र पत्रकार आचारसंहिता अभिमुखीकरण



**बिर्तामोड, फागुन १४।** नेपाल पत्रकार महासंघ झापाको आयोजनामा निर्वाचन रिपोर्टिङ र पत्रकार आचारसंहिता अभिमुखीकरण कार्यक्रम विहीबार भद्रपुरमा सम्पन्न भएको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेशको सहयोग तथा नेपाल पत्रकार महासंघ कोशी प्रदेशको सहकार्यमा भएको कार्यक्रमको उद्घाटन नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको थियो ।

प्रेस क्लव भद्रपुरको सभाकक्षमा आयोजित कार्यक्रममा निर्वाचन रिपोर्टिङ र पत्रकार आचारसंहिता अभिमुखीकरणको सहजीकरण नेपाल पत्रकार महासंघ झापाका निवर्तमान उपाध्यक्ष केशव भट्टराई र पत्रकार गणेशमान मुखियाले गरेका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका पूर्वअध्यक्ष गोविन्दचन्द्र क्षेत्री र चिन्तामणि दाहाल, प्रेस चौतारी नेपाल झापाका अध्यक्ष प्रदीप परियार, सञ्चारिका समूह नेपाल झापाकी अध्यक्ष लीला अनमोल लगायतले सुझाव तथा मन्तव्य व्यक्त गरेका थिए । उपाध्यक्ष सुब्रत न्यौपानेले स्वागत मन्तव्य, उपाध्यक्ष विनिसा गौतमले धन्यवाद ज्ञापन गरेको कार्यक्रमको सञ्चालन सचिव राजु पाठकले गरेका थिए ।

नेपाल प्रेस युनियन झापाका उपाध्यक्ष ईश्वर अधिकारी, प्रेस क्लव भद्रपुरका अध्यक्ष राजबाबु शंकर, ग्रामीण प्रेस क्लव झापाका अध्यक्ष नेत्रविक्रम बिमली, अग्रज पत्रकार गोपाल गिरी, रासस झापाका कार्यालय प्रमुख दीपक चन्द लगायतको आतिथ्य रहेको अभिमुखीकरणमा जिल्लाका सक्रिय ४० पत्रकारको सहभागिता थियो ।

## सात दिनका लागि रक्सी विक्री र सेवन गर्न बन्द

**काठमाडौँ, फागुन १४।** निर्वाचन आयोगले निर्वाचनको समयमा निषेध गरिएका कार्यहरू हुन नदिने र कहीँकतै भए गरेको पाइएमा प्रचलित कानून बमोजिम तत्काल कारबाही गरी आयोगमा जानकारी गराउन गृह मन्त्रालायलाई अनुरोध गरेको छ ।

आयोगले विज्ञप्ति जारी गरी यही फागुन १८ गते राति १२:०० बजेदेखि लागू हुने निर्वाचन प्रचारप्रसार निषेध अवधिमा पालना गर्नुपर्ने निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न गराउन गृह मन्त्रालयले सबै प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायहरूलाई निर्देशन दिन र जिल्ला आचारसंहिता अनुगमन समितिले तोकिएका व्यक्ति तथा संयन्त्रको परिचालन गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २४ तथा निर्वाचन आचारसंहिता, २०८२को दफा १७ र १८ बमोजिम विशेष गरेका कार्य गर्नेलाई कारबाही गरिएकाबारे जानकारी दिन अनुरोध गरिएको जनाएको छ ।

आयोगले मतदानको मितिभन्दा ७ दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थ बिक्री-वितरण तथा सेवनमा प्रतिबन्ध लगाउन पनि आग्रह गरेको छ । मतदानको दिनमा अत्यावश्यक सेवाका सवारीसाधन (एम्बुलेन्स, दमकल, शववाहन, रक्तसञ्चार सेवाका साधन, सुरक्षा निकायका सवारीसाधन, विद्युत् मर्मत, खानेपानी तथा ढल मर्मत, दूरसञ्चार सेवा मर्मतका लागि प्रयोग हुने सवारी साधन) हरू, कूटनीतिक नियोगका सवारीसाधनहरू र निर्वाचनको दिनमा प्रयोग गर्नेगरी पास प्राप्त गरेका सवारीसाधनबाहेक अन्य सार्वजनिक तथा निजी सवारी साधनहरू सम्वत् २०८२ साल फागुन २० गते राति १२:०० बजेदेखि फागुन २१ गते साँझ मतदान सम्पन्न नभएसम्मका लागि सञ्चालनमा रोक लगाउनू- आयोगले भनेको छ ।

यसैगरी मतदानको दिनमा अन्तरराष्ट्रिय तथा आन्तरिक हवाई उडानहरू यथावत् सञ्चालनको व्यवस्था मिलाउने, अन्तर्राष्ट्रिय र आन्तरिकतर्फका हवाई उडानका लागि टिकट भएका यात्रुहरूलाई विमानस्थलदेखि घर/बसोबास गर्ने होटलसम्म र घर/बसोबास गर्ने होटलदेखि विमानस्थलसम्म यात्रा गर्दा निजी वा सम्बन्धित एयरलाइन्सले उपलब्ध गराएको सवारीसाधन प्रयोग गर्न दिने व्यवस्था मिलाउन पनि आयोगले स्पष्ट पारेको छ ।

## लुटिएको हतियार सामग्री फेला

**झापा, फागुन १४।** झापाको दमकस्थित इलाका प्रहरी कार्यालयबाट जेन-जी आन्दोलनका क्रममा लुटिएको हतियार सामग्री पुनः फेला परेको छ ।

प्रहरीका अनुसार बुधबारसाँझ करिब ५ बजे इलाका प्रहरी कार्यालय दमकमा कार्यरत प्रहरी जवान रमानन्दकुमार ठाकुरले कार्यालयको पछाडिपट्टि पर्खालको फेदमा सरसफाई गर्ने क्रममा इन्सास राइफलको एक थान म्यागजिन र तीन राउण्ड गोली फेला पारेका हुन् । फेला परेको म्यागजिन र गोली गतभदौ २४ गते जेन-जी आन्दोलनका बेला सोही कार्यालयबाट लुटिएको सामग्री भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

उक्त सामग्री बरामद गरी थप अनुसन्धान अघि बढाइएको इलाका प्रहरी कार्यालय दमकले जानकारी दिएको छ । प्रहरीले आन्दोलनका क्रममा हराएका अन्य सामग्रीको खोजी कार्यसमेत जारी रहेको जनाएको छ ।

## खैरो हिरोइनसहित राजवंशी पक्राउ

**झापा, फागुन १४।** झापाको काँकरभिट्टाबाट लागूऔषधसहित एक युवा पक्राउ परेका छन् ।

मेचीनगरस्थित मेचीपुलमा भारतको पानीट्याङ्कीबाट भाडाको सिटिसफारीमा नेपालतर्फ आउँदै गरेका बिर्तामोड-५ जात्रुबारीका २९ बर्षीय अर्जुन राजवंशी लागूऔषधसहित पक्राउ परेका हुन् ।

लागूऔषध नियन्त्रण ब्यूरो कार्यालय काँकरभिट्टा झापाबाट खटिएको प्रहरी टोलीले राजवंशीमाथि शंका लागेर सोधपुछ र चेकजाँच गरेको थियो । राजवंशीको शरीर तलासी लिँदा खैरोहेरोइन जस्तो देखिने प्लाष्टिक बाहेक ६ ग्राम लागूऔषध फेला परेपछि उनलाई लागूऔषधसहित नियन्त्रणमा लिइएको थियो । उनलाई आवश्यक कारवाहीका लागि इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखेर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

यसैबीच देशका विभिन्न भागबाट लागूपदार्थसहित नौ जना पक्राउ गरेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार इलाम, झापा, सुनसरी, नवलपरासीपूर्व र कैलालीबाट उनीहरु पक्राउ परेका हुन् ।

अभियुक्तहरुबाट खैरोहेराइन, गाँजा, चिकित्सकको सिफारिसमा मात्र पाइने औषधिसहित पक्राउ परेका हुन् । सम्बन्धित जिल्ला प्रहरी कार्यालयले नियमित रूपमा सञ्चालन गरेको गस्तीका क्रममा शङ्का लागेर जाँच गर्दा उनीहरुबाट प्रतिबन्धित पदार्थ बरामद भएको हो ।

### झापामा ...

५३७ जना मतदाता, ८१५ मतदान केन्द्र र २८५ मतदानस्थल रहेका छन् । यहाँ ८१५ मतदान अधिकृतसहित चार हजार ९३६ जना कर्मचारी खटाइएको उनको भनाइ छ । निर्वाचनलाई निष्पक्ष, भयरहीत र व्यवस्थित बनाउन जिल्लाका २८५ वटै मतदानस्थलमा सुरक्षा व्यवस्था कडा पारिएको र कर्मचारीहरू धमाधम कार्य क्षेत्रमा खटिने क्रम शुरु भएको कार्यालयले जनाएको छ ।

### झापा ५ ...

छन् । आदिवासी जनजाति बाहुल्य क्षेत्र भएकाले राजवंशी समुदायको मत यसपटक सबैभन्दा महत्वपूर्ण मानिएको छ ।

यसैगरी यसअघिका निर्वाचनहरुमा कांग्रेसका वर्तमान उपसभापति विश्वप्रकाश शर्माले जित्दै आएको झापा क्षेत्र नम्बर १मा दुई स्वतन्त्रसहित १५ उम्मेदवार मैदानमा रहे पनि मुख्य भिडन्त भने नेपाली कांग्रेस, नेकपा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टीबीच नै केन्द्रित हुने देखिन्छ । कांग्रेसले पार्टीका जिल्ला उपसभापति केशवराज पाण्डेलाई यो निर्वाचन क्षेत्रमा उम्मेदवार बनाएको छ भने नेकपा एमालेबाट सहकारी क्षेत्रबाट आएका रामचन्द्र उप्रेती चुनावी मैदानमा छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीले पूर्वसमानुपातिक सांसद निशा डाँगीलाई अघि सारेको छ । यस्तै नेपाली कम्युनिष्ट पार्टीबाट इञ्जिनियर अशेष घिमिरे प्रतिस्पर्धामा छन् भने राष्ट्रिय प्रजातन्त्र पार्टीबाट प्राध्यापक हेमराज कार्की प्रतिस्पर्धामा छन् ।

विशेषगरी यो क्षेत्रमा धुलाबारी र काँकरभिट्टा बजार क्षेत्र निर्णायक मानिएका छन् । करिब ४० हजारभन्दा बढी मतदाता रहेको बजार क्षेत्रमा कसले जित्छ भन्ने प्रश्नले चुनावी परिणाम तय गर्ने अनुमान गरिएको छ । यो निर्वाचन क्षेत्रमा कूल मतदाता संख्या १ लाख ३१ हजार ६७ रहेको छ । झापा-१को चुनावी बहसमा विकासभन्दा पनि सुरक्षा र जीवनयापनको मुद्दा अगाडि आएको छ । जंगली हात्तीको आक्रमण स्थानीयको दैनिकीसँग जोडिएको विषय बनेको छ । सबै दलले यसलाई एजेण्डा बनाएका छन् ।

झापा क्षेत्र नम्बर-४लाई सँधै 'लो-प्रोफाइल' क्षेत्रका रूपमा लिने गरिएकोमा यसपटक परिस्थिति फेरिएको छ । यसअघि लगातार दुईपटक जित्दै आएका लालप्रसाद साँवालाई एमालेले तेस्रोपटकका लागि मैदानमा उतारेको छ भने कांग्रेसका जिल्ला सभापति देउकुमार थेबे पनि तेस्रो प्रयासका लागि मैदानमा उत्रिएका छन् ।

झापा-४मा कांग्रेस र एमालेबाट पुरानै अनुहार मैदानमा उत्रिँदा रास्वपाले शम्भुप्रसाद ढकाललाई उठाएको छ । झापा गाउँपालिका, शिवसताक्षी नगरपालिका, कन्काई नगरपालिकाका अधिकांश वडा, गौरीगञ्ज गाउँपालिकाका केही क्षेत्र र गौरादह नगरपालिका-९ समेटिएको यस क्षेत्रमा कूल १ लाख ३० हजार ७ सय १२ मतदाता छन् । परम्पगरागत रुपमा हेर्दा यो क्षेत्रमा एमालेको बर्चश्व रहँदै आएको देखिन्छ तर यहाँको चुनावी परिणामले जिल्लाको राजनीतिक शक्ति सन्तुलन नै बदल्न सक्ने देखिएको छ ।

समग्रमा भन्ने हो भने झापाका पाँच वटा क्षेत्रमध्ये तीन वटा क्षेत्र राष्ट्रिय राजनीतिकै इपीसेन्टर बनेका छन् । २०७९को निर्वाचन पछि ५० हजार २ सय २६ जना मतदाता थपिएको झापामा कूल सात लाख १३ हजार ५ सय ३७ मतदाता यो निर्वाचनमा सहभागी हुँदैछन् । झापालाई कुन-कुन क्षेत्रले पुराना नेताको दबदबा कायम राख्छ र कहाँ नयाँ शक्ति विजयी हुन्छन् भन्ने मतदाताको मनोविज्ञानले निर्धारण गर्नेछ । तर, त्यसका लागि फागुन २१ को मतदान नै पर्खिनुको विकल्प छैन ।

### डलर ...

वृत्त स्वयम्भूबाट खटिएको प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिएको हो ।

तामाङको चन्द्रागिरी-१३ पुरानो नैकाप स्थित डेरा कोठामा खानतलासी गर्दा अमेरिकी डलर ५० को थान-५, अमेरिकी डलर १ को थान-७०७, डलरकै साइजमा काटिएको कागजको बिटा थान-६ गरेको छ । उनीमाथि थप अनुसन्धान भइरहेको परिसरका प्रवक्ता एसपी पवन कुमार भट्टराईले जानकारी दिए ।


बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा


निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

■ प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म

■ पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# कृषिमा आत्मनिर्भरताको खाँचो

**देशमै सर्वाधिक चर्चा र चासोका रुपमा रहेको झापा ५ को निर्वाचन सम्भावित दुई प्रधानमन्त्रीका कारण मात्र होइन । स्थानीय तहको राजनीतिबाट एकाएक राष्ट्रिय राजनीतिमा अचानक प्रवेश गरेका बालेन्द्र शाह बालेनको उम्मेदवारीले झापा ५ निर्वाचनको केन्द्रमा रहेको हुनसक्छ । तीन पटक प्रधानमन्त्री भइसकेका एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग प्रतिष्पर्धा गर्न आएका बालेनप्रति नवपुस्ताको आकर्षणले यसपटकको परिणाम प्रभावित हुने विश्लेषण गरिँदैछ । विगतको शासन प्रणाली र प्रवृत्तिका कारण असमय निर्वाचन गर्नुपर्ने बाध्यकारी परिस्थिति परिवर्तनको संकेत हुँदै हो त्यो भन्दा ठूलो कुरा झण्डै चार दशकदेखि भइरहेको भ्रष्टाचार बेथिति र विसंगतिप्रतिको असन्तुष्टि र आक्रोश पनि हो ।**

**थोरै बोल्ने तर अर्थपूर्ण र गहिरो भाव व्यक्त गर्ने बालेन यसकारण पनि चर्चामा रहे कि एकाएक राजधानीको महानगर प्रमुखमा अत्यधिक मतका साथ विजयी हुनु । जीवनमा कहिल्यै राजनीति नगरेको युवा स्थानीय सरकारको प्रमुखको उम्मेदवार हुनु पनि उनको साहस मान्नुपर्छ । उनको विशेषता हो थोरै बोल्ने र आधारपूर्ण शाब्दिक वाक्य बोल्ने । उनी बोल्दै–बोल्दैनन् तर बोल्दा विषयको गहिराईलाई छुन्छन् । अहिले संसदीय राजनीतिको परीक्षाको यात्रामा इटहरीमा आयोजित सभामा व्यक्त उनका भनाइ पनि छोटो तर राष्ट्रलाई नै दूरगामी प्रभाव पार्ने गरिका छन् । देश कृषि प्रधान भइकन पनि तरकारी लगायतका कृषि वस्तुको परनिर्भरताका सम्बन्धको भनाइ कटु सत्य हो ।**

**कृषि प्रधान देशमा पहाडी क्षेत्रमा उत्पादित कृषिजन्य वस्तु बजारीकरण गर्ने उचित प्रबन्ध नहुँदा तराईका बजार भारतीय उत्पादनले ढाकेको छ । यही तथ्यलाई सम्बोधन मार्फत अर्ग्यानिक शब्दद्वारा व्यक्त गरेका बालेन शैली अहिले चर्चामा छ । चिया खानु भयो ? खाजा खानु भयो ? उनका प्रश्नले परम्परागत भाषण सुन्ने बानी परेका स्रोताका माझ आशाको सञ्चार गराएको हुनसक्छ । पचास प्रतशित नेपाली अझै पनि कृषि पेशामा आबद्ध छन्, तर झण्डै चौध अर्ब रुपैयाँको तरकारी भारतबाट आयात भइरहेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको गत वर्षको तथ्यांकले परनिर्भरता कहालीलाग्दो छ । संशोधनको प्रारम्भमै उठाएका विषयले बालेनको शैली मात्र होइन त्यसले पार्ने प्रभावका प्रतिको चिन्ताको विषय पनि हो ।**

**पछिल्लो समय युवाशक्तिको पलायनले नेपालको उर्वर र उत्पादनशील जमिन बाँझिने क्रम बढ्दैछ । उत्पादनले उचित मूल्य नपाउने, बजारसम्म पुर्‍याउने प्रबन्ध नहुने जस्ता कारणले एकातिर उत्पादन घट्दैछ भने अर्कातिर कृषि क्षेत्रलाई आवश्यक सिंचाई, मल, बीऊ तथा उपकरणको अभावका कारण परनिर्भरता बर्षेनि बढेर गएको छ । तथ्यांक अनुसार सन् २०२५–०२६ को पहिलो छ महिनामै साढे दश अर्बभन्दा बढीको तरकारी भित्र्याउनै खर्च भइसकेको सन्दर्भले पनि बालेन टिप्पणीको गहिराई मापन गर्न असहज छैन । यद्यपि अहिले पूर्वी नेपालका पहाडहरुबाट कृषि उत्पादन तराईका बजारमा आइरहेका छन्, तर आयात प्रतिस्थापन हुने अवस्था छैन । त्यसकारण पनि निर्वाचनबाट आउने सरकार यस्ता साना र महत्त्वपूर्ण विषयमा जिम्मेवार हुनुपर्छ जो राष्ट्रहितको पक्षमा हुन्छ ।**

# चुनावी अभ्यास : अवसरसँगै चुनौती



**ध्रुवहरि अधिकारी**



विश्व-व्यवस्था ८० वर्षपछि कोल्टे फेर्ने चरणमा पुगेको देखिँदैछ। कतै मानचित्रसँग गाँसिएका प्रश्न छन् त कतै स्वतःस्फूर्त परिवर्तनको पक्षमा जनआकांक्षा प्रकट भइरहेका छन्। कसैका लागि चुनौती छ त कोही अवसरको प्रतीक्षामा होलान्। नेपाल जस्तै भूरुपरिवेष्टित एसियाली देश लाओसमा यसै साताको आरम्भमा निर्वाचन सकियो। यसअघि थाइल्याण्ड, म्यानमार, जापान र बंगलादेशमा चुनावी अभ्यास भएका थिए। अब नेपालमा तय भएको चुनावी मिति २१ फागुन (५ मार्च)को दश दिनपछि कजाखस्तानमा संविधान परिमार्जनको प्रश्नउपर जनमत संग्रह हुने भएको छ। त्यसो त बंगलादेश र थाइल्याण्डको निर्वाचनलाई पनि यस्तै प्रयोजनका लागि जनमतसंग्रहसँग जोडिएको थियो र तदनुरूपका उपाय अवलम्बन गरिँदैछन्।

जापानमा भएको चुनावले प्रथम महिला प्रधानमन्त्री सानेई ताकाइचीको दल एलडीपीले प्रतिनिधि सभामा अत्यधिक बहुमत पाएको हुनाले संविधान संशोधनका लागि जनमत संग्रह गराउने ढोका खुलेको छ। प्रक्रिया पूरा भएपछि हालसम्म 'आत्मरक्षा बल' (सेल्फ-डिफेन्स फोर्स)को नामबाट चिनिँदै आएको जापानी सेना विधिवत् संवैधानिक अंगको रूपमा स्थापित हुनेछ र यसलाई सीमा-सुरक्षाको काममा तैनाथ गर्न सकिने छ। एकै भौगोलिक क्षेत्रमा अर्थात् पूर्वी एसियामा पर्ने मुलुक हुन् जापान र चीन तर यी दुई देशको सम्बन्ध सुमधुर छैन। किन होला ? यस लेखमा त्यसैलाई संक्षेपमा केलाउने प्रयास गरिएको छ।

**अठोटको आधार**

जग-जाहेर छ, जापानको संविधान दोस्रो विश्वयुद्ध ( सन् १९३९रु-४५)को अन्त्यसँगै अमेरिकी चाँजोपाँजोमा तर्जुमा गरिएको थियो, जसको धारा ९ ले जापानको सैनिक बललाई यतिञ्जेल कतै लडाइँका लागि परिचालन गर्न नपाउने गरी रोक लगाउँदै आएको छ। अर्को शब्दमा, अब यो अवरोध हटेपछि जापानको सेना पनि प्रतिरक्षाका लागि सशस्त्र संघर्षमा उत्रिन सक्नेछ। यसले अमेरिकी सहयोगको प्रतीक्षा गरेर बस्नुपर्ने अवस्था रहने छैन। यस्तो लचकताले कतै एसियाको यस भेगमा पनि तनाउ चर्काउने त होइन भन्ने आशंका उत्पन्न हुन्छ।

हो, पश्चिम एसिया (मध्यपूर्व)मा प्यालेष्टाइन-इजरायल बीचको तनाउ केही शिथिल भएको छ, तर यसले युद्धविरामलाई स्थायी गराउला भनेर ढुक्क हुने परिस्थिति छैन। यी हरफ लेख्दा इरान सम्भाव्य अमेरिकी आक्रमणको जोखिमबाट जोगिने उपायको खोजीमा रहेको अवस्था छ। यता, युरोपमा युक्रेन-रुस युद्ध चलेको यो साता चार वर्ष पूरा भयो तर छिटै रोकिने वा मत्थर हुने छेकछन्द देखिँदैन। विश्वशान्ति खल्बलिने कुरा अमेरिकी सरकारका नीति र प्राथमिकतामा निर्भर रहने देखिएकोले बेलायत, फ्रान्स र जर्मनी लगायतका युरोपेली मुलुक सुरक्षाबारे नयाँ कार्ययोजनाको खाका खिच्न लागेका छन्। क्यानडा र अष्ट्रेलिया पनि आ-आफ्ना राष्ट्रियहितका लागि विद्यमान नीतिहरूमा पुनर्विचार गर्न लागेका छन्। अमेरिकाको साटो चीनसँग व्यापार सम्बन्ध बढाउन युरोपेली नेताहरू कस्सिएर लागेका छन्। जर्मनीका चान्सलर (प्रधानमन्त्री) फ्रेडरिख मर्जको चीनरु-भ्रमणलाई यसै परिप्रेक्ष्यमा हेर्न सकिन्छ।

एसिया महादेशमा चीन, भारत, जापान र इण्डोनेसिया जस्ता प्रभावशाली देशहरू अवस्थित छन्। यिनमा पनि जापानबाहेक अन्य तीन उल्लेख्य जनसंख्या भएका मुलुक मानिन्छन्। चीन र भारत दुवैको आर्थिक र सामरिक शक्ति उदाहरणीय स्तरका छन्, यस्तो पृष्ठभूमिमा जापान पनि उस्तै तहको सामरिक परिवेशमा हुर्किन इच्छुक देखिएको छ, जसले चीनलाई किञ्चित झस्काएको संकेत हालैका महिनामा चीनकै प्रेसमा आएका विवरणहरूले दिएका छन्। अमेरिकाको प्रतिस्पर्धामा रहेको चीनलाई जापानमा विकसित घटनाक्रमले सीधा असर पार्ने सम्भावना छैन, किनभने आजको चीन सन् १९४९ मा माओले स्थापना गरेको 'जनवादी गणतन्त्र चीन' मात्र रहेन। जे प्रत्यक्ष छ, त्यसलाई के प्रमाण चाहियो र ?

**स्वाभाविक चासो**

जे होस्, परिवर्तित परिवेशमा चीनले आफ्नो वरपरका गतिविधिमा एक तहको चासो राख्नु र प्रतिक्रिया जनाउनु अस्वाभाविक मान्न मिल्दैन। ताइवानलाई एकीकरण गर्ने चीनको लक्ष्यमा कुनै प्रकारको अवरोध नआओस् भन्ने बेइजिङको सोचलाई सहजै बुझ्न सकिन्छ। हङकङ र मकाओको व्यवस्थापनबारे पनि चीन उत्तिकै सजग छ। त्यसैले 'एक-चीन'को सिद्धान्त मान्न सहमत भैसकेका संयुक्त राज्य अमेरिका समेत कुनै पनि देशले त्यसमा तल-माथि नगरुन् भन्ने बेइजिङको अपेक्षा होला। जापान र चीन माझको वैमनस्य दोस्रो विश्वयुद्धभन्दा अघिका लडाइँका कारणले भएको हो। अर्को कोणबाट हेर्दा त्यो वैरभावको युग सन् १९४९ मा आधुनिक चीन उदय हुनुअघिको हो। त्यसै हुनाले दुबै पक्ष आपसमा सहमत भएर सन् १९७२ को नोभेम्बरमा द्विपक्षीय सम्बन्धलाई 'सामान्य' गराइएको थियो। जापानका प्रधानमन्त्री काकुई तानाका र चीनका प्रधानमन्त्री चाओ एनलाई बीच तय भएको सहमति संयुक्त वक्तव्य मार्फत जारी भएपश्चात् आपसी सम्बन्ध नयाँ चरणमा प्रवेश गरेको तथ्य अभिलेखमा पाइन्छ। परन्तु पुराना युद्धका घाउ हत्पति पुरिन सक्दैनन्। भएको यही हो।

चिनियाँ पक्षले जापानी साम्राज्यको तर्फबाट गरिएका हमला र त्यस क्रममा भएको जनधनको क्षति अपूरणीय थियो भन्दै आएको छ। खास गरेर सन् १९३७ को १३ डिसेम्बर १९३७ पछिका छ सातामा जापानी सेनाले 'नानजिङ काण्ड' को बेला गरेको हत्या, लूट, बलात्कार समेतको अत्याचारप्रति जापानले गरेको क्षमायाचना अपर्याप्त छ भन्ने चिनियाँ जिकिर छ। भनिन्छ, त्यस बखत एकलाखभन्दा बढी मानिस मारिएका थिए। त्यस बखतको आक्रमणमा युद्ध-अपराध गराउने कमाण्डर मात्सुई र उसको सहयोगी जर्नेललाई एक ट्राइब्युनलले दोषी ठहरुर्‍याई उसै बखत (दोस्रो विश्वयुद्धपछि) प्राणदण्ड दिइसकेको हो र विश्वयुद्धपछिका जापान सरकारहरूको तर्फबाट नेताहरूले विगतका घटनाप्रति पटक-पटक पश्चाताप पनि गर्दै आएका छन्।

यसै सन्दर्भमा चिनियाँ पक्षको अर्को शिकायत छ - 'जापानका सत्तासीन नेताहरू राजधानी टोकियोमा रहेको शिन्तो पवित्र स्थल 'यासुकुनी'मा गएर देशका लागि प्राण आहुति गर्ने वीरहरूप्रति सम्मान अर्पण गर्ने क्रममा चीनबिरुद्ध युद्ध अपराधमा सामेल भएकाहरूलाई समेत त्यही मान्यता दिने गर्छन्, यो काइदा ठीक भएन।' जापान यसलाई उसको आन्तरिक मामिला ठान्दछ। इतिहाससँग सरोकार भएका गुनासा यी भए। केही विवाद भूगोलसँग सम्बन्धित छन्। ओकिनावा प्रान्त नजिकै पूर्वी चीन सागरमा अवस्थित सेन्काकु द्वीप समूह (स्थायी मानव बसोबास नभएको) जापान प्रशासित क्षेत्र हो, तर यसमाथि चीनले पनि दाबी गर्दै आएको छ। चिनियाँ पक्षले यसलाई 'दियाओयु' भन्ने गर्दछ।

**ऐतिहासिक पाटो**

स्मरणीय छ, प्रशान्त क्षेत्रमा दोस्रो विश्वयुद्धको समाप्ति जापानका हिरोशिमा र नागासाकी नगरमाथि अमेरिकी अणुबम प्रहारपछि भएको हो। युरोपमा लडाइँको अन्त्य केही महिना पहिले नै जर्मनीले आत्मसमर्पण गरेपश्चात् भएको थियो। प्रशान्त तर्फको लडाइँ चाहिँ जापानले पराजय स्वीकार गर्दै कागजपत्र मार्फत विधिवत् अन्त्य गरिएको दिन थियो २ सेप्टेम्बर १९४५। त्यसै घटनाको सम्झनामा बेइजिङले गएको ३ सेप्टेम्बर (१८ भदौ)मा ठूलो परेडको आयोजना गरेको थियो, जसमा नेपालका तत्कालीन प्रधानमन्त्री पनि सम्मिलित भएका थिए। चिनियाँ पक्षले विगतको जापानी आक्रमणको प्रतिरोधमा चीन जागेको सन्दर्भ पनि त्यसैमा गाँसेको थियो। यसबाट जापानप्रतिको चीनको तिक्तता अहिलेसम्म मेटिएको रहेनछ भन्ने प्रष्ट हुन्छ। गएको साताको प्रसंग हो, संयुक्त राष्ट्रसंघमा चीनका राजदूत फु कोङ्ले जापान सुरक्षा परिषद्मा स्थायी सदस्य हुन योग्य देश होइन भनेर टिप्पणी गरेका थिए, जसको चर्चा 'ग्लोबल टाइम्स' पत्रिकाले छापेको छ।

**हिन्द–प्रशान्त अन्तर्य**

अब वर्तमान स्थितिलाई नियालौं। संयुक्त राज्य अमेरिका र जापान सन्धिबद्ध मुलुक हुन्, एकअर्काको सुरक्षामा प्रतिबद्ध छन्। जापानमा अमेरिकी सेनाको बलियो उपस्थिति छ- सैनिक अखाडाहरू छन्। हालैको निर्वाचनपछि बलियो जनाधार बनाएकी प्रधानमन्त्री ताकाइची केही साताभित्रैमा वाशिङटन जाँदैछिन्। अनि जापानको प्रतिरक्षा खर्च पनि बढ्ने क्रममा छ। ताइवान एकीकरणमा दत्तचित्त चीनले यी नयाँ घटना-विकासको अन्तर्य नबुझ्ने कुरै भएन। जापान 'क्वाड' नामक चारदेशको सुरक्षा समूहको पनि सदस्य छ, जसमा अमेरिका, भारत र अष्ट्रेलिया सम्मिलित छन्। आउँदो मार्च महिनाको आखिरी दिन राष्ट्रपति ट्रम्प बेइजिङ आउँदा द्विपक्षीय वार्तामा कुन स्तरको अडान कायम गर्ने त्यसको निरूपणमा राष्ट्रपति सी चिनफिङका सहयोगीहरू लागिसकेका होलान्।

तिनलाई अमेरिकी सेनाका हिन्द-प्रशान्त (इण्डोरु-प्यासिफिक) कमाण्डर स्यामुएल पापारो एसियाका विभिन्न देशको भ्रमण गर्दै नेपालसम्म आइपुगेको जानकारी पनि अवश्य होला। स्पष्टै छ, ट्रम्पका कतिपय दृष्टिकोण सुसंगत र स्थिर देखिन्नन् तापनि उनको सरकारका गुप्तचर तथा अन्य संयन्त्रका रणनीतिकारहरूले ताइवान मात्र होइन, व्यापार समेतका मामिलामा उनले जानकार राख्ने प्रयत्न पक्कै पनि गर्लान्। यस कुराको पूर्वानुमान गर्ने आधार भर्खरै परराष्ट्रमन्त्री मार्को रुबियोले दिएका छन्। गत सोमवार (२३ फेब्रुअरी) परेको जापानी सम्राट नारुहितोको जन्मोत्सवको अवसरमा जापान प्रति शुभेच्छा जनाउने वक्तव्यमा दुई देशका नेताले मिलेर 'स्वर्णयुग' ल्याउने आशा रुबियोले प्रकट गरेका छन्। उनको थप भनाइ छ- हाम्रो गठबन्धन 'असाधारण' प्रकृतिको छ र यो जुनसुकै चुनौतीको सामना गर्न तयार छ।

**अन्त्यमा**

माओपछिका सबैभन्दा शक्तिशाली चिनियाँ नेता ठानिएका नेता हुन् सी चिनफिङ। सन् २०१२ मा चीनको नेतृत्व गर्न थालेका सी ताइवानलाई विधिवत् चीनको अंग बनाउन प्रयत्नशील देखिन्छन् र यसो गर्न सकेमा उनले माओको सपना साकार गरेको ठहरिने छ। यो काम कहिलेसम्म होला त ? पश्चिमा विश्लेषकहरूले सन् २०२७ को समय-सीमा तोकेका छन् किनभने यो जनमुक्ति सेना गठन भएको शतवार्षिकी हो। चिनियाँ नेतृत्व त्यतिसारो हतारमा देखिँदैन। बरु सन् २०४९ सम्ममा निर्धारित लक्ष्य हासिल हुनेमा बेइजिङ विश्वस्त देखिन्छ। *गोप*

# महानिर्वाचन : लोकतन्त्रको महायज्ञ



**रश्मिशेखर सुवेदी**

निर्वाचन युद्ध होइन, जहाँ पराजितलाई परास्त शत्रू ठानियोस्, निर्वाचन त्यो महायज्ञ हो, जहाँ हरेक प्रतिस्पर्धीहरू पनि राष्ट्र निर्माणका सहयात्री हुन्छन्। मतपत्र हतियार होइन, विश्वासको दस्तावेज हो। जनमत विजयको ट्रफी होइन, जिम्मेवारीको सपथ हो। यदि हामीले चुनावलाई क्रोध, प्रतिशोध र विभाजनको रणभूमि बनायौं भने लोकतन्त्रको आत्मा कमजोर हुन्छ, तर यदि यसलाई मर्यादा, विचार, व्यक्तित्व र प्रतिबद्धताको महायज्ञ बनायौं भने राष्ट्र बलियो हुन्छ। त्यसैले आजको मूल प्रश्न जित-हारको होइन, राजनीतिक संस्कारको हो। नेपालले लामो संघर्षपछि प्राप्त गरेको लोकतान्त्रिक व्यवस्था सहज उपहार होइन। जनआन्दोलन २०४६ र जनआन्दोलन २०६२-०६३ ले निरंकुश प्रवृत्ति माथि जनमतको सर्वोच्चता स्थापित गरेका ऐतिहासिक अध्याय हो। ती आन्दोलनहरूले हामीलाई एउटा मूल पाठ सिकाएका थिए- जनताको मत नै अन्तिम निर्णायक शक्ति हो। तर विडम्बना आज निर्वाचनका बेला जनतालाई नै विभाजित, उत्तेजित र दिग्भ्रमित बनाउने प्रवृत्ति बढ्दो छ। यो प्रवृत्ति लोकतन्त्रको आत्मासँग मेल खाँदैन।

निर्वाचनलाई 'महासंग्राम' सोचियो भने प्रतिस्पर्धा युद्धको रूपमा चित्रित हुन्छ। जब चुनाव युद्ध जस्तै बनाइन्छ, तब प्रतिद्वन्द्वीलाई शत्रू जस्तै देखिन थाल्छ। परिणाम स्वरूप विचारभन्दा व्यक्ति आक्रमणको केन्द्र बन्छ, नीतिभन्दा नारा हावी हुन्छ र कार्यक्रमभन्दा प्रचार-कौशल निर्णायक बन्न पुग्छ। यसरी लोकतान्त्रिक विमर्श कमजोर हुन्छ। जबकि लोकतन्त्रमा प्रतिस्पर्धी दल र उम्मेदवारहरू शत्रू होइनन्, उनीहरू फरक दृष्टिकोणका प्रतिनिधि मात्र हुन्। भोलि सरकार र प्रतिपक्ष दुबै लोकतान्त्रिक संरचनाका अपरिहार्य स्तम्भ हुन्। महायज्ञको भावार्थ त्याग, अनुशासन र साझा हितसँग जोडिएको हुन्छ। यज्ञमा सहभागी हुने सबै पक्षले मर्यादा र विधिको पालना गर्छन्। निर्वाचन पनि त्यस्तै सामुहिक संकल्प हो, जसमा मतदाता, उम्मेदवार, राजनीतिक दल, सञ्चारमाध्यम र राज्यका निकायहरु सबैले आफ्नो आचरणमा सुधार ल्याउनुपर्ने हुन्छ। यदि कुनै एक पक्षले मर्यादा तोड्यो भने सम्पूर्ण प्रक्रियाको विश्वसनीयता प्रभावित हुन्छ।

यस सन्दर्भमा राजनीतिक संस्कारको प्रश्न केन्द्रीय बन्छ। निर्वाचन मर्यादित बनाउने कुरा केवल एकपटकको आह्वान होइन, यो दीर्घकालीन राजनीतिक संस्कृति निर्माणको अभियान हो। हामीले भाषाशैली सुधार्नु, असहमतिको सम्मान गर्नु र तथ्यमा आधारित बहसको अभ्यास गर्नु भनेको भविष्यका लागि स्वस्थ लोकतान्त्रिक वातावरण तयार गर्नु हो। आज बोली र व्यवहारमा देखिएको असभ्यता भोलिको राजनीतिक संस्कृतिको आधार बन्न सक्छ। त्यसैले चुनावको क्षणिक लाभभन्दा दीर्घकालीन लोकतान्त्रिक स्थायित्वलाई प्राथमिकता दिनुपर्छ।



युवापुस्ताको भूमिका यहाँ निर्णायक छ। आजको निर्वाचन केवल दलहरूको प्रतिस्पर्धा होइन यो पुस्तागत चेतनाको पनि परीक्षा हो। सामाजिक सञ्जालले विचार प्रवाहको दायरा फराकिलो बनाएको छ, तर त्यही माध्यम घृणा, अफवाह र चरित्र हत्या फैलाउने उपकरण पनि बनिरहेको अवस्था छ। युवा पुस्ताले यदि तथ्य, तर्क र सभ्य विमर्शलाई प्राथमिकता दियो भने निर्वाचन संस्कृति स्वभाविक रूपमा मर्यादित बन्छ। पुराना पुस्ताले दम्भ त्याग र नयाँ पुस्ताले राजनीति सुधार्नुपर्छ भन्ने विश्वास व्यवहारमा उतार्ने समय यही हो।

त्यस्तै निर्वाचनपछिको व्यवहार पनि उत्तिकै महत्त्वपूर्ण छ। लोकतन्त्रमा जित स्थायी अधिकार होइन, अस्थायी जनादेश हो। जित्नेले विनम्रता र उत्तरदायित्व देखाउनुपर्छ हार्नेले गरिमा र संयम। परिणाम स्वीकार गर्ने संस्कार कमजोर भयो भने लोकतान्त्रिक संस्थामाथिको विश्वास पनि कमजोर हुन्छ। चुनावपछि पनि समाज एउटै रहन्छ, राष्ट्र एउटै रहन्छ। त्यसैले प्रतिस्पर्धाको तापक्रम परिणामसँगै शान्त हुनुपर्छ। राजनीतिक दलभित्रको आन्तरिक लोकतन्त्र अर्को महत्त्वपूर्ण आयाम हो। यदि दलभित्रै पारदर्शी र योग्यतामूलक प्रक्रिया अपनाइएन भने वाह्य निर्वाचन कति नै निष्पक्ष देखिए पनि त्यसको नैतिक आधार कमजोर हुन्छ। उम्मेदवार छनोटमा पारदर्शिता, विचारधारात्मक स्पष्टता र संस्थागत अनुशासन कायम भयो भने जनताले पनि प्रतिस्पर्धालाई विश्वासका साथ हेर्न सक्छन्। वाह्य लोकतन्त्रको सुदृढीकरण आन्तरिक लोकतन्त्रबाटै शुरु हुन्छ।

नेपाल अहिले जटिल भूराजनीतिक परिवेश, आर्थिक चुनौती र जनअपेक्षाको चापबीच उभिएको छ। यस्तो अवस्थामा निर्वाचनलाई वैमनश्यताको अखडा बनाउनु राष्ट्रका लागि घातक हुन्छ। हामीले संघर्षबाट प्राप्त गरेको संघीय लोकतान्त्रिक गणतन्त्र अब परिपक्व अभ्यासको चरणमा प्रवेश गर्नुपर्छ। राजनीतिक संक्रमणको अध्यायपछि अब राजनीतिक संस्कारको अध्याय शुरु हुनुपर्छ। यही संक्रमणको घडीमा निर्वाचनलाई मर्यादित बनाउन सकियो भने लोकतन्त्रको गुणात्मक उन्नयन सम्भव हुन्छ।

अन्ततः निर्वाचन केवल मत परीक्षणको प्रक्रिया मात्र होइन, यो विश्वास निर्माणको प्रक्रिया हो। चुनाव जित्नु वा हार्नु अस्थायी घटना हो, तर जनविश्वास जित्नु दीर्घकालीन पूँजी हो। विगतका ढाँट, चरित्र र अवसरवादबाट मुक्त भई सत्य, पारदर्शिता र प्रतिबद्धताको आधारमा प्रतिस्पर्धा गर्ने साहस नै आजको आवश्यकता हो। नेपालको सबैभन्दा पुरानो र ठूलो परिवर्तित पार्टी नेपाली काङ्ग्रेस भन्दैछ- 'कसैलाई गाली नगर, जनसमक्ष आफ्नो कुरा राख, अरुको आलोचनामा समय खर्च नगर, अरुलाई होच्याएर आफू अग्लिने कोशिश नगर।'

त्यसैले आऔं निर्वाचनलाई महासंग्राम होइन, महायज्ञको रूपमा स्वीकार गरौं। असहमति राखौं, तर असभ्य नबनौं। कडा आलोचना गरौं, तर तथ्यमा आधारित होऔं। जितका लागि प्रयास गरौं, तर मर्यादा नछोडौं। विचार र व्यक्तित्वको स्वस्थ प्रतिस्पर्धाबाटै राष्ट्रको भविष्य सुरक्षित हुन्छ। यही बाटोबाट मात्र लोकतन्त्रप्रतिको सच्चा सम्मान प्रकट हुनेछ र यही बाटोबाट मात्र देश बचाउने र बनाउने साझा अभियान सफल हुनेछ।

*rashmishekharsubedi@gmail.com*






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** दिन मिश्रित फलदायी छ, मेहनतले गरेको काम सफल हुनेछ, पेट सम्बन्धी समस्याले सताउन सक्छ, खानपानमा ध्यान दिनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** बुद्धिको उपयोगले धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** समय अनुकूल रहेको छ, विशेष उपहार मिल्नेछ, खानपानमा ध्यान दिनुहोला, विचार पुर्‍याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** समय सामान्य रहेको छ, खर्च बढेर जानेछ, काम सफलता हुँदा मन खुशी रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** व्यापार-व्यवसायमा लाभदायक समय छ, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, नयाँ अवसरका बाटो खुल्नेछन्, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुर्‍याउनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** व्यवसायमा लाभ हुने योग छ, अकस्मात धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुनाले मन प्रशन्न रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** बोलिको प्रभावले काम बन्ने छ, बोल्दा विचार पुर्‍याउनुहोला, पियजनसँग भेट हुने समय छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ, दाम्पत्य जीवनमा शुखीयाली तथा उत्साह बढ्ने योग छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** आज समयले साथ दिएको छ, नचिताएको ठाउँबाट धन आगमन हुँदा मन खुशी भएर जानेछ, तर परिवारजन बिमुख हुनेछन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** सुख र धनको प्राप्ती हुनेछ, मान-प्रतिष्ठा-इज्जत बढेर जानेछ, शत्रुमाथि बिजय प्राप्त हुनेछ, दाम्पत्य शुख मिल्नेछ ।



# एसियन हाइवे : आठ किलोमिटर कालोपत्र पूरा



तस्वीर : इन्टरनेट

**झापा, फागुन १४।** निर्माणाधीन 'एसियन हाइवे'को काँकरभिट्टा-लौकही सडकखण्ड अन्तर्गत विभिन्न स्थानमा आठ किलोमिटर सडकमा पहिलो तहको कालोपत्र गरिएको छ।

काँकरभिट्टादेखि केरखासम्मको ४५ किलोमिटर क्षेत्रमा सडकको दुवैतर्फ कालोपत्र भइरहेको काँकरभिट्टा-लौकही सडक योजना कार्यालयले जनाएको छ। पूर्वी खण्ड दमक कार्यालयका आयोजना प्रमुख सुनिलबाबु पन्तका अनुसार हालसम्म चार हजार पाँच सय ९५ मिटर सडक कालोपत्र भइसकेको छ।

मेचीनगर, बिर्तामोड, शिवसताक्षी नगरपालिका र कमल गाउँपालिका क्षेत्रका विभिन्न खण्डमा दाँयातर्फ एक हजार दुई सय ८० र बायाँतर्फ दुई हजार सात सय ५५ मिटर लेनमा पहिलो सतहको कालोपत्र गरिएको पन्तले जानकारी दिए। आयोजनाले आगामी असार मसान्तसम्ममा ३० किलोमिटर सडकको दुवैतर्फ पहिलो चरणको कालोपत्र गरिसक्ने लक्ष्य लिएको छ।

सडक निर्माणसँगै सहरी क्षेत्रमा ट्राफिक व्यवस्थापनका लागि आधुनिक 'ओभरपास' निर्माण पनि भइरहेको छ। मेचीनगरको चारआली चोक र बिर्तामोडको चारपानेमा ओभरपास निर्माण भइरहेको छ। चारआलीमा पूर्वतर्फ दुई सय ५१ मिटर र पश्चिमतर्फ दुई सय २६ मिटर तथा चारपानेमा पूर्वतर्फ दुई सय सात मिटर र पश्चिमतर्फ तीन सय आठ मिटर लामो ओभरपास निर्माण भइरहेको आयोजनाले जनाएको छ।

वन्यजन्तु संरक्षणलाई ध्यानमा राख्दै चारआली जङ्गल क्षेत्रमा हात्ती लगायतका जङ्गली जनावर ओहोरदोहोर गर्न 'एनिमल अन्डरपास' पुल समेत निर्माण भइरहेको छ। यो नेपालकै सडक पूर्वाधारमा प्रयोग गरिएको आधुनिक र वातावरणमैत्री पूर्वाधार मानिएको छ। एसियाली विकास बैंकको रु. १० अर्ब सहयोगमा शुरु भएको यस आयोजनाको ठेक्का एभ्रास्कन कालिका जेभीले लिएको छ। निर्माण कम्पनीले सडकमा पर्ने कल्भर्ट र साना पुलको कामलाई पनि सँगसँगै अगाडि बढाएको छ।

मुख्य सहरी क्षेत्रमा अझै पनि करिब चार सय वटा विद्युतका पोल सार्न बाँकी रहँदा काममा केही चुनौती देखिएको छ। आयोजना प्रमुख पन्तले विद्युत प्राधिकरणसँग समन्वय भइरहेको र पोल सारेलगत्तै ती क्षेत्रमा पनि कामले थप गति लिने बताए।

काँकरभिट्टादेखि लौकहीसम्मको ९५.७६ किलोमिटर क्षेत्रमा निर्माणाधीन यो राजमार्ग सहरी क्षेत्रमा छ लेन र ग्रामीण क्षेत्रमा चार लेनको हुनेछ। सरकारले यसको प्रभावकारी कार्यान्वयनका लागि दमक र इटहरीमा छुट्टाछुट्टै कार्यालय स्थापना गरी काम गरिरहेको छ।

# मेचीनगर अनलाइन चौंथो वर्षमा




**काँकरभिट्टा, फागुन १४।** मेचीनगर अनलाइन डटकम बिहीबारदेखि चौंथो वर्षमा प्रवेश गरेको छ।

मेचीनगर-६ काँकरभिट्टामा मुख्य कार्यालय रहेको पाउ पाथीभरा सञ्चार प्रालिद्वारा प्रकाशित हुँदै आएको मेचीनगर अनलाइन डटकम स्थापनाको तीन वर्ष पूरा गरेर चौंथो वर्षमा प्रवेश गरेको हो।

२०७९ फागुन १४ गतेबाट शुरु गरिएको थियो। खोजमुलक र ताजा समाचारहरु अनलाइनको माध्यमबाट पढ्ने पाठकहरुको रुचीलाई मध्येनजर गर्दै सञ्चालन गरिएको मेचीनगर अनलाइन छोटो समयमा धेरै पाठकहरुको अपार माया जित्न सफल भएको छ।

व्यवसायीक पत्रकारितालाई शिरमा राखेर स्थानीय समाचारलाई बढी प्राथमिकता दिने प्रयास गरिरहेको छ। सबै राजनीतिक दल, पेशा, व्यवसाय, धर्म र संस्कृति, भाषाभाषी, जातजाति, क्षेत्र, वर्ग, लिङ्ग लगायतका समाचारहरुलाई समावेशी ढंगबाट प्राथमिकताका आधारमा प्रकाशन गर्दै आएको अनलाइनका सम्पादक तथा सञ्चालक अर्जुन कार्कीले जानकारी दिए।

संघीय लोकतान्त्रिक गणतन्त्रमा सुशासनको परिकल्पना, स्वास्थ्य, शिक्षा, विकास, खेलकुद लगायत समाजमा हुने विकृति, विसंगती र भ्रष्टचारबिरुद्ध खबरदारी गर्ने अभियान निरन्तर रहिरहेको सम्पादक कार्कीको भनाइ छ। उनका अनुसार डिजिटल पोर्टलको रुपमा रहेको अनलाइन मिडियालाई थप पुरस्कृत गर्दै अब निकट भविष्यमा युट्युव च्यानलको संस्करणलाई पनि सशक्त बनाइने छ।

# झापा पुस्तक व्यवसायीहित कोषमा रकम जम्मा हुन थाल्यो




**बिर्तामोड, फागुन १४।** झापा पुस्तक तथा स्टेसनरी व्यवसायी सङ्घले स्थापना गर्न लागेको 'व्यवसायी हित कोष'मा रकम सङ्कलन शुरु भएसँगै व्यवसायी वृत्तमा उत्साह थपिएको छ।

२०८३ बैशाख १ गतेदेखि औपचारिक रूपमा लागू हुने गरी तयार पारिएको यस कोषको कार्यविधि २०८२ स्वीकृत हुनुअघि नै व्यवसायीहरूबाट सहयोग जुट्न थालेको हो। सङ्घका अध्यक्ष विनोद सापकोटाका अनुसार तीन दिनको छोटो अवधिमै ७० हजार रुपैयाँ सङ्कलन भइसकेको छ।

कोषमा हालसम्म विराटनगरका मातृका शिवाकोटीले १५ हजार, बिर्तामोडका पुष्प प्रसाईले २५ हजार, झिलझिलेका विनोद सापकोटाले १० हजार तथा बुट्टाबारीका गौरीप्रसाद चौलागाँईले १० हजार रुपैयाँ सहयोग प्रदान गरेका छन्। त्यस्तै सुरुङ्गाका दुर्गाप्रसाद घिमिरेले पनि कोष वृद्धिका लागि नगद १० हजार प्रदान गरेका छन्।

कोषमा जम्मा भएको अधिकांश रकम व्यवसायीहरूबाटै प्राप्त भएको अध्यक्ष सापकोटाले जानकारी दिए। उनले २०८३ सालभित्रै कोषमा कम्तीमा १५ लाख रुपैयाँ जम्मा गर्ने लक्ष्य लिइएको बताए। सङ्घ दर्ता भएसँगै व्यवसायीको सुरक्षा र हितका लागि छुट्टै कोष सञ्चालन गर्ने निर्णय गरिएको थियो। सोही निर्णय अनुसार हाल कोषको कार्यविधि २०८२ निर्माणाधीन अवस्थामा छ।

कोषका संयोजक सुमन खनालका अनुसार प्राकृतिक विपत्ति वा आकस्मिक दुर्घटनाबाट व्यवसायीलाई हुने क्षतिमा तत्काल राहत उपलब्ध गराउने उद्देश्यले यो कोष स्थापना गरिएको हो। आगलागी, बाढी, भूक्षय, भूकम्प, हुरी बतास, चट्याङ जस्ता प्राकृतिक विपत्तिबाट प्रभावित व्यवसायीलाई आर्थिक सहारा दिने लक्ष्य कोषले राखेको छ।

त्यसैगरी व्यवसायीको व्यवसाय सञ्चालनकै क्रममा वा अन्य दुर्घटनामा परी अङ्गभङ्ग हुन गए उपचारका लागि सहयोग उपलब्ध गराइने व्यवस्था गरिने खनालले बताए। यदि कुनै व्यवसायी वा उनीहरूको परिवारका सदस्यको दुर्घटनाबाट मृत्यु भएमा पनि कार्यविधि अनुसार राहत रकम प्रदान गरिने छ।

झापामा करिब चार सय पुस्तक तथा स्टेसनरी व्यवसायी सक्रिय छन्। उनीहरूलाई संगठित गर्दै हकहित, सुरक्षा र व्यावसायिक स्थायित्वका लागि सङ्घले विभिन्न पहल गर्दै आएको छ। व्यवसायी हित कोषलाई दीर्घकालीन सामाजिक सुरक्षा कार्यक्रमका रूपमा लिइएको छ, जसले संकटको घडीमा व्यवसायीलाई आर्थिक रूपमा ढल्न नदिने व्यवसायी सङ्घका सचिव चुडामणि घिमिरेले बताए। अध्यक्ष सापकोटाका अनुसार सानो-सानो योगदानबाट ठूलो कोष निर्माण गर्न सकिने भएकाले सबै व्यवसायी र दातृ संस्थालाई सहभागी हुन आह्वान गरिएको छ।

महासङ्घका निवर्तमान कोशी प्रदेश अध्यक्ष जीवन नेपालका अनुसार यस्ता कोषले व्यवसायीबीच एकता र आपसी विश्वास बलियो बनाउनुका साथै जोखिम व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्छ। प्राकृतिक विपत्ति वा आकस्मिक क्षतिबाट व्यवसाय ठप्प हुने अवस्था आउँदा तत्काल राहत पाउँदा पुनः व्यवसाय सञ्चालनमा फर्किन सहज हुने उनले बताएका छन्। यसले स्थानीय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा उनको छ।

झापा पुस्तक तथा स्टेसनरी व्यवसायी सङ्घलाई वस्तुगत संगठनका रूपमा स्थापित गर्दै सदस्यहरूको सामुहिक सुरक्षा र समृद्धिको आधार तयार गर्ने दिशामा व्यवसायी हित कोष महत्वपूर्ण कदमको रूपमा मानिएको छ।

# प्रस्तावित धरान विमानस्थल क्षेत्रको रोक्का जग्गा फुकुवा



**सुनसरी, फागुन १४।** धरान उपमहानगरपालिका-१७ डाँडाघोपामा विमान स्थल निर्माण गर्ने भन्दै दुई वर्षदेखि रोक्का गरिएको जग्गा फुकुवा गरिएको छ।

धरान उपमहानगरपालिकाका पूर्व नगर प्रमुख हर्कराज राई (साम्पाङ)ले २०८० भदौ ११ गते विमानस्थल निर्माण गर्ने भन्दै सो क्षेत्रको जग्गा बिक्री वितरण सिफारिस रोक्ने निर्णय गरेका थिए। उक्त निर्णयका कारण धरान उपमहानगरपालिका-१७ डाँडाघोपामा करिब एक हजार बढी घरपरिवारको जग्गा रोक्का गरिएको थियो।

धरान उपमहानगरपालिकाका कार्यवाहक नगर प्रमुख अइन्द्रविक्रम बेघाका अनुसार स्थानीय जग्गाधनीको निवेदनपछि यति इन्कर्पोरेट प्रालिको नाममा रहेको जग्गा बाहेक अन्य जग्गाको रोक्का मङ्गलबारदेखि फुकुवा गरिएको छ। फुकुवा सम्बन्धी निर्णय वडा नं. १७ कार्यालय, मालपोत तथा नापी कार्यालयमा पठाइसकिएको कार्यवाहक नगर प्रमुख बेघाले जानकारी दिए।

डाँडाघोपामा करिब २२ वर्षअघि यति इन्कर्पोरेटले विमान स्थल निर्माण गर्ने योजनासहित करिब सात विगाह जग्गा खरिद गरेको थियो। निजी कम्पनीले विमानस्थल निर्माण गर्न पाउने स्पष्ट कानुनी व्यवस्था नरहेकाले विमान स्थल निर्माण अघि बढ्न सकेको थिएन।

विमानस्थलका लागि सस्तो मूल्यमा जग्गा बिक्री गरेका स्थानीयले विमान स्थल नबन्ने भएपछि आफ्नो जग्गा फिर्ता हुनुपर्ने माग गर्दै आएका थिए। २२ वर्षअघि यति इन्कर्पोरेटले विमान स्थल निर्माण गर्ने योजनासहित करिब २९ घरपरिवारसँग प्रतिकट्ठा रु.२८ हजारदेखि रु ३२ हजारसम्ममा जग्गा खरिद गरेको थियो।

विमान स्थल निर्माणको सम्भाव्यता अध्ययनका क्रममा नेपाल नागरिक उड्डयन प्राधिकरणले प्राविधिक रूपमा डाँडाघोपामा विमानस्थल निर्माण उपयुक्त नहुने निष्कर्ष निकालेपछि सो परियोजना अन्योलमा परेको थियो। पछिल्लो समय तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको निर्देशनमा पुनः अध्ययन प्रक्रिया अघि बढाइएको थियो।

प्राधिकरणले २०८० कात्तिक २३ गते प्रबन्धक नलविक्रम थापाको संयोजकत्वमा वरिष्ठ कानुन अधिकृत विमल खनाल र चार्टर्ड एकाउण्टेन्ट अनिल बस्नेत सदस्य रहेको तीन सदस्यीय टोली गठन गरी अध्ययन थालेको थियो।


## घर ढलान गर्नुछ ?

तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी. झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैं सम्झनुहोस्।

**सेवामा २४सैं घण्टा उपलब्ध छौं।**

सम्पर्क : ९८०२३१३२९०, ९८२४०५७७०७, ९८०२३१३२९३



## कार्की ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

## विशेषज्ञ डाक्टरहरूको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर

उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ

यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।

अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा



बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

## उच्च गुणस्तर सुलभ मूल्य सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

## शुद्ध दूधको स्वस्थ उत्पादन कोसेली

"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'

दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूध परिकार र मिनी रसबरी पनि उपलब्ध छ ।

**कालिका डेरी,**
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

## वैदेशिक रोजगार

यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ। सम्पर्क गर्नुहोला।

सम्पर्क : ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
बिर्तामोड, झापा




## आयुर्वेद उपचार

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।

**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला। झापा सेफ्टी ट्यांकी तथा ढल सफाई




बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*



सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
**देवराज गिरी**
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

## हामीलाई सम्पर्क गर्नुहोस्

सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।

*नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।*

सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.

फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

## वैदेशिक रोजगार

**के तपाई विदेश जान चाहनुहुन्छ ?** यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालि**लाई सम्झनुहोस्। **हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ।**

सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा




गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।

सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

## DRISHTI Eye Care System

TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS

प्रत्येक दिन आँखाको **शल्यक्रिया**

१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)

Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

## आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक

१५ वर्षको अनुभवसँग तपाईको सेवामा : हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईको सेवामा !

हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

## वैदेशिक रोजगार

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा

हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।

सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

## UAE मा रोजगारीको अवसर

UNited International Group

७ दिनमा भिषा आउने

कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर

ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

## सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।

बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

## VACANCY ANNOUNCEMENT

हयाप्पी स्पिच एण्ड रिहाबिलिटेशन सेन्टर (HS&RC)ले निम्न पदहरूका लागि योग्य, ऊर्जाशील तथा इच्छुक उम्मेदवारहरूबाट दरखास्त आह्वान गर्दछ।

**पद :** स्पेसल एजुकेटर / ओक्युपेसनल थेरापिस्ट
**रिक्त संख्या :** ३ / ३ जना **तलब :** संस्थाको नियम अनुसार
**आवश्यक योग्यता:** मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषयमा स्नातक (Bachelor) तह उत्तीर्ण।
**अनुभव :** अनुभवी तथा स्पिच थेरापी/सेन्सरी इन्टिग्रेशन थेरापी प्रशिक्षण प्राप्त उम्मेदवारहरूलाई प्राथमिकता दिइने छ। तर नव-उम्मेदवार (Freshers)लाई पनि समान अवसर दिइने छ। (संस्थाले ४ महिनासम्मको इल तजभ वयद ट्रेनिङ प्रदान गर्नेछ।)
**उमेर :** १८ देखि ४० वर्षसम्म
**दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशित मितिले १ साताभित्र (२०८२/११/२२)
**आवश्यक कागजातहरू :**
- हालसालै खिचिएको पासपोर्ट साइज फोटोसहितको बायोडाटा (CV)
- अनुभव पत्र (भएमा)
- +२ भन्दा माथिको सबै शैक्षिक योग्यता प्रमाणपत्रहरूको प्रतिलिपि
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- कभर लेटर
- व्यक्तिगत प्यान (PAN) कार्ड

**दरखास्त बुझाउने तरिका :**
उम्मेदवारहरूले आफ्नो कागजातहरू इमेलमार्फत वा अफिसमा सिँधै कार्यालय समयमा (बिहान ९:०० देखि बेलुका ५:०० सम्म) बुझाउन सकिनेछ।
**इमेल:** *happyspeechandrehabilitation23@gmail.com*
**कार्यालय ठेगाना :**
**हयाप्पी स्पिच एण्ड रिहाबिलिटेशन सेन्टर (HS&RC)**
महनन्द चोक, बिर्तामोड, झापा, नेपाल
**सम्पर्क नम्बर :** ०२३-५९१९०२, ९८१५९३१३१२, *whatapps no.* : ९८६२७७७९०२

**नोट :** - Occupational Therapy, - Speech Therapy, - Behaviour Therapy तथा Educational Therapy सम्बन्धी सेवाका लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ।